२. मूल ऐनको दफा ६ मा संशोधनः—मूल ऐनको दफा ६ मा उपदफा (२) पछि देहायबमोजिमको उपदफा [३] र [४] थपिएकोछः—

(३) उपदफा (१)को खण्ड (ख) मा उल्लिखित सञ्चालकहरू पनि सरकारबाट दुइ वर्षको अवधिको निमित्त नियुक्त गरिनेछन्। रिटायर भएका संचालकलाई पुनः सो पदमा नियुक्त गर्न सकिनेछ। यी संचालकहरूले सभामा उपस्थित भएका प्रत्येक दिनको निमित्त सरकारबाट तोकिएबमोजिम फी पाउनेछन्।

(४) उपदफा (३) मा जेसुकै लेखिएको भएतापनि यस दफा अन्तर्गत २०१५ सालमा नियुक्त भएका चार जना संचालकहरू मध्ये दुइ जना नियुक्त भएका मितिले एक वर्षको अन्तमा गोला प्रथाद्वारा रिटायर हुनेछन्।

लालमोहर सदर मिति २०१५।२।२५

आज्ञाले—

नयनबहादुर खत्रीक्षत्री

सचिव-कानून तथा संसदीय प्रबन्ध सचिवालय

## कानून तथा संसदीयप्रबन्धसचिवालय

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागी प्रकाशित गरिएको छ।

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति-ओजस्वि त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिमय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहुमहाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेरजङ्ग देवानाम् सदा समरविजयिनाम्।

### २०१५ सालको ऐन नं. ८

### सेना सम्बन्धी अख्तियार सुम्पनको निमित्त बनेको ऐन

नेपाल सेनाको साधारण कार्य परिचालनको निमित्त श्री ५ को सरकारमा रहेको अख्तियार सेनाका प्रधान सेनापतिलाई दिन आवश्यक देखिएको हे

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरीबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:- [१] यस ऐनको नाम सेना सम्बन्धी अख्तियार सुम्पने ऐन, २०१५ रहेको छ।
[२] यो ऐन, २०१३ साल जेष्ठ ७ गते देखि प्रारम्भ भएको मानिने छ।

२. अख्तियार सुम्पने:— [१] श्री ५ को सरकारले नेपाल सेना र सैनिक हात हतियार खरखाजाना सम्बन्धी आफुमा रहेको यस ऐन अन्तर्गत बने नियममा तोकिएबमोजिमको अख्तियार नियममा तोकेबमोजिम प्रयोग गर्न पाउने गरी सेनाका प्रधान सेनापति (कमाण्डर-इन-चीफ) लाई सुम्पन सक्नेछ।
[२] उपदफा [१] बमोजिम आफुलाई सुम्पिएको अख्तियार मध्ये यस ऐन अन्तर्गत बने नियममा तोकिए जति काम कुरा प्रधान सेनापतिले आफ्नु उत्तरदायित्वमा आदेशद्वारा आफु मुनीका अफिसरबाट गराउन सक्नेछन्।

३. श्री ५ को सरकारको अधिकार:- यस ऐन अन्तर्गत बनेका नियमहरुद्वारा सेनाका प्रधान सेनापतिलाई सुम्पिएको अधिकारको प्रयोग आवश्यकतानुसार श्री ५ को सरकारबाट गर्नमा यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

४. नियम बनाउने:-(१) श्री ५ को सरकारले यस ऐनको कार्य सम्पादनको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ।
(२) उपदफा (१) बमोजिम पहिलो पटक बनेका नियमहरु यो ऐन प्रारम्भ भएको मिति देखि नै लागू हुनेछन्।

५. प्रचलित कानून बमोजिम हुने:- यस ऐनमा लेखिए देखि बाहेक अरु कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

लालमोहर सदर मिति २०१५।२।२५ मा

आज्ञाले-
मदनबहादुर खत्री क्षत्री
सचिव - कानून तथा संसद्‌ प्रबन्ध सचिवालय

९०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।